# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (५), संख्या १२, हुप्सेकोट, पौष २८ गते बुधबार, २०७८ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**हुप्सेकोट गाँउपालिकाको खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७८**

# हुप्सेकोट गाँउपालिकाको खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना :**

हुप्सेकोट गाँउपालिकाको क्षेत्र भित्र खानेपानी व्यवस्थापन बोर्ड वा अन्य उपभोक्ता समितिमार्फत वितरण भएका खानेपानीका उपभोक्ताहरुलाई स्वच्छ सफा खानेपानी सहुलियत रूपमा प्रदान गर्न वान्छनीय भएकोले हुप्सेकोट गाँउपालिकाको "वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन २०७७” को दफा ३७ को उपदफा ३ मा "आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ" उल्लेख भएकाले यसै दफाले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाबाट " खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७८" जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “खानेपानी" भन्नाले हुप्सेकोट गाँउपालिकाभित्रमा खानेपानी व्यवस्थापन बोर्ड वा अन्य खानेपानी उपभोक्ता समितिमार्फत वितरण भएको स्वच्छ, सफा खानेपानी सम्झनुपर्छ।

(ख) “लाभग्राही" भन्नाले हुप्सेकोट गाँउपालिका भित्रमा खानेपानी व्यवस्थापन बोर्ड वा अन्य खानेपानी उपभोक्ता समितिमार्फत उपलब्ध गराइएको खानेपानी उपभोग गर्ने उपभोक्ताहरूलाई सम्झनुपर्छ ।

(ग) "महसुल" भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने खानेपानी सेवा महसुल सम्झनु पर्छ ।

(घ) “बोर्ड" भन्नाले हुप्सेकोट खानेपानी व्यवस्थापन बोर्डलाई सम्झनुपर्छ ।

(ङ) “उपभोक्ता संस्था/समिति" भन्नाले प्रचलित कानून बमोजिम गठित खानेपानी उपभोक्ता संस्था/समितिलाई सम्झनु पर्दछ ।

(च) " गाँउपालिका" भन्नाले हुप्सेकोट गाँउपालिका सम्झनुपर्छ ।

**३. मीटर जडान भएको हुनुपर्ने** यस कार्यविधि बमोजिमको महसुल छुट लिने उपभोक्ताले अनिवार्य तवरले मिटर जडान गरेको र चालु अवस्थामा भएको हुनुपर्नेछ ।

**४. महसुल दर :** (१) गाँउपालिका भित्रका खानेपानी व्यवस्थापन बोर्ड वा अन्य उपभोक्ता समितिमार्फत वितरण भएका खानेपानीको लागि महसुल दर सम्बन्धित बोर्ड वा उपभोक्ता समितिले तोकी आए बमोजिम कै हुनेछ ।

**५. खानेपानी महशुलमा सहुलियत दिनेः** (१)गाँउपालिका भित्र खानेपानी व्यवस्थापन वोर्ड वा अन्य उपभोक्ता समितिमार्फत वितरण भएका खानेपानीका लाभग्राहीहरुले मासिक सात हजार लिटर वा सो भन्दा कम मात्रा खानेपानी उपयोग गरेमा सात युनिट सम्मको खानेपानी महशुल गाउँपालिकाले बोर्ड वा उपभोक्ता समितिलाई भुक्तानी दिनेछ ।

(२) मासिक सात हजार लिटर वा सात युनिट भन्दा बढि खानेपानी उपभोग गर्ने लाभग्राहीले भने तिर्नुपर्ने सबै खानेपानी महशुल उपभोक्ता स्वयमले तिर्नु पर्नेछ ।

(३) ७ हजार भन्दा बढी युनिट खानेपानी उपयोग गर्ने उपभोक्ताहरुको हकमा अन्य सहुलियतको व्यवस्था गरिएको छैन ।

**६. माग दाबी गर्नु पर्ने** (१) दफा ५ बमोजिम मासिक सात हजार लिटर वा सात युनिट भन्दा कम खानेपानी उपभोग गर्ने लाभग्राहीहरुको सूची र विल सम्लग्न राखी खानेपानी व्यवस्थापन वोर्ड वा उपभोक्ता समितिले मासिक रुपमा गाँउपालिका समक्ष पेश गर्नु पर्नेछ । यसरी माग भइ आएको बिलउपर आवश्यक छानविन गरी गाँउपालिकाले भुक्तानी दिनेछ ।

(२) सहुलियत महशुल भुक्तानी प्रकृयाका सम्बन्धमा हुप्सेकोट गाँउपालिकार खानेपानी व्यवस्थापन बोर्ड वा सम्बन्धीत उपभोक्ता समिति बीच एक छुट्टै समझौता गरी सोही सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

**७. बाधा अड्काउः** यस कार्यविधि सम्बन्धी कुनै दुविधा भएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिका गाउँकार्यपालिका लाइ हुनेछ ।

**प्रमाणिकरण मिति २०७८/०९/२७**
**राजपत्रमा प्रकाशन मिति २०७८/०९/२८**

**आज्ञाले,**
**पवन अर्याल**

**प्रमुख प्रशासकिय अधिकृत**

हुप्सेकोट गाँउपालिका